
# लेखापरीक्षण प्रतिवेदन

# ठाँटीकाध गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ठाँटीकाध गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/571

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
ठाटीकाँध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख।

## कैफियतसहितको राय

हामीले ठाटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड १६ लाख ५४ हजार, एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रमको रु. ३ करोड २० लाख ९६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७ लाख ७० हजार र

आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.२ लाख ४० हजारसमेत रु. ११ करोड ४७ लाख ६० हजार समावेश गरेको छैन ।

२.पालिकाको रु. ९४ करोड ४४ लाख ३९ हजारको लेखापरीक्षण गरिएकोमा रू. ६ करोड ४२ लाख ९३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ७ लाख ८१ हजार फस्र्यौट भई बाँकी वेरुजु रु. ६ करोड ३५ लाख १२ हजार मध्ये असुल गर्नुपर्ने रू. २० लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ५५ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. ५५ लाख ५४ हजार र पेस्की बाँकी रु. १ करोड ३ लाख ११ हजार रहेको छ।गत वर्षसम्म रु. ३२ करोड ५४ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३८ करोड ८९ लाख ३९ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३.गाउँपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरुमा सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नभई अधुरो रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५८ | ८७ | ६,४२,९२,७२९ | ० | १ | ७,८०,८२५ | ० | ५८ | ८६ | ६,३५,११,९०४ | २०,५४,३११ | ५५,५३,९७२ | ४,५५,९३,०११ | ० | ० | ५,११,४६,९८३ | १,०३,१०,६१० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | ३२,५४,२७,००० | ० | ० | ३२,५४,२७,००० | ० | ६,३५,११,९०४ | ३८,८९,३८,९०४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४४.४ | सामाजिक सुरक्षा तथा संरक्षणतर्फ | ७,८०,८२५ |
| जम्मा | | | | ७,८०,८२५ |

# (८०६६७५०२३०० - ठाँटीकाध गाउँपालिका, दैलेख )

## परिचय

१ .

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ठाँटीकाँध गाउँपालिकाको कार्यालयको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस ठाँटीकाँध गाउँपालिका अन्तर्गत ६ वडा ३३ सभा सदस्य ८८.२२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ३०१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१७ देखि २०८१ ।८।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु. ९४,४४,३९,१३७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा भुक्तानीमा कर कट्टी नगरेको रकम रु. ६६७५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायबमोजिम छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क.स./ सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ४९३२५६२७ | २२३९१६५९ |
| १३००० | अनुदान | २५४४६२१०४ | ३०९३८२१७८ |
| १४००० | अन्य राजस्व | ६५१३३१ | ९३५३६० |
| क | **कुल जम्मा प्राप्ति** | ३०४४३९०६२ | ३३२७०९१९७ |
| ३ | चालु | २२६०२२६१० | २३४२१३०२९ |
| २१००० | पारिश्रमिक / सुविधा | १०३८३८४१० | १०७९६८३८६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८९७४०१७९ | ८८०३४९९१ |
| २५००० | सहायता (Subsidy) | २६४५९४९१ | ३०६७५८५३ |
| २६००० | अनुदान | ० | १२००००० |
| २७००० | सामाजिक सुरक्षा | २५४२०१६ | ३१०५७९९ |
| २८००० | अन्य खर्च | ३४४२५१४ | ३२२८००० |
| ४ | पूंजीगत | १०७१२५८११ | १४८०६९२०२ |
| ३११११० | भवन तथा संरचना | १६१६२२०१ | २७०४६६०६ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १७९४४४२ | ५६८१७९० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | २१९३१४० |
| ३११५० | सार्वजनिक निर्माण | ८९१६९१६८ | ११२१४७६६६ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ० | १०००००० |
| ख) | **कुल जम्मा भुक्तानी** | ३३३१४८४२१ | ३८२२८२२३१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -२८७०९३५९ | -४९५७३०३४ |
| घ) | **धरौटी लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | -६९७२२७ | ४६३९९१५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | -२३०१३६ | -५७२३ |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | -२९४०६५८६ | -४४९३३११९ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४३७१०९४० | ८८६४४०५९ |
| छ) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च)** | १४३०४३५४ | ४३७१०९४० |

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा संघ र प्रदेशवाट प्राप्त निम्नानुसारको आम्दानी र खर्च समावेश भएको देखिएन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| शिर्षकको नाम | बजेट | निकासा खर्च |
|---|---|---|
| **कोष तथा लेखा नियनत्रक कार्यालयबाट प्राप्त** | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | ८६३८९००० | ८१६५४३४५ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८७०००० | ७७०००० |
| एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ३४१४३००० | ३२०९६३१२ |
| **जम्मा** | **१२१४०२०००** | **११४५२०६५७** |
| **प्रदेश लेखा ईकाइ कार्यालबाट प्राप्त** | | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २६४००० | २४०००० |
| **जम्मा** | **२६४०००** | **२४००००** |
| **कूल जम्मा** | **१२१६६६०००** | **११४७६०६५७** |

२.२ **कोष तर्फको हिसाब मिलान** : स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले धरौटी लगायत अन्य कोषहरुतर्फको कारोवारलाई सुत्रमा आवद्ध गरेको देखिन्छ । स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची-५ कोषहरुको प्राप्ती भुक्तानी र बाँकीको विवरण अनुसार धरौटी, प्रकोप व्यवस्थान र विविध खर्च खातातर्फको विवरण देहाय अनुसार रहेको छ । उक्त विवरण अनुसार कोषहरुको बाँकी मौज्दात रु. ६६,१३,९९०।- रहेकोमा बैंक स्टेटमेन्ट अनुसार मौज्दात भने रु. १,२८,६२,२१०।- रहेकोले सुत्रको मौज्दात र बैंक मौज्दात विच रु.६२,४८,२२०।- फरक देखिएको छ । पालिकाको धरौटी लगायत विविध कोषहरुतर्फको प्राप्ती रकमलाई सुत्रमा आम्दानी नदेखाएको कारण मौज्दातमा फरक परेको जनाएको छ ।पालिकाले फरक परेको मौज्दातको सम्वन्धमा हिसाव मिलान गर्नुपर्दछ ।

| शिर्षक | सुरु मौज्दात | आम्दानी | खर्च | मौज्दात | बैंक अनुसारको मौज्दात |
|---|---|---|---|---|---|
| धरौटी खाता | ६८३२००९ | ३६८८०० | ११५८०२३ | ६०४२७८६ | ९८०७५४० |
| विविध खर्च खाता | २४९४८३ | ५२६३०९ | ७०११८८ | ७४६०४ | २५३५३४८ |
| प्रकोप व्यवस्थापन | २२९७२५ | २३५५७२३ | २०८८८४८ | ४९६६० | ५१९३२२ |
| जम्मा | ७३११२१७ | ३२५०८३२ | ३९४८०५९ | ६६१३९९० | १२८६२२१० |

२.३ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी, यस वर्षको प्राप्ति, यस वर्षको भुक्तानी र बाँकी मौज्दात फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आय व्यय विवरण अनुसार | २२७५१२६१ | ४७२२६२५४३ | ४७२२७६५९४ | २२७३७२१० |
| सुत्रको विवरण (म.ले.प.फा.नं. २७०) अनुसार | ४३७१०९४० | ३०४४३९०६२ | ३३३१४८४२१ | १४३०४३५४ |
| **फरक** | **२०९५९६७९** | **१६७८२३४८१** | **१३९१२८१७३** | **८४३२८५६** |

२.४ **जिम्मेवारी सारेको :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको गत बर्षको लेखापरीक्षणको अन्तिम प्रतिवेदन अनुसार अन्तिम मौज्दात रु. ९,१०,६५,५१०।- रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यो वर्षको शुरु मौज्दात रु. ४,३७,१०,९४०।- मात्र जिम्मेवारी सारेको देखिएकोले रु. ४,७३,५४,५७०।- घटी जिम्मेवारी सारेको देखिन्छ । त्यस्तै पालिकाले पेश गरेको एकिकृत आय व्ययमा रु. २,२७,५१,२६१।- मात्र गत बर्षको जिम्मेवारी सारेको र उक्त जिम्मेवारी बैंक मौज्दातको बमोजिम भएको पालिकाले जनाएको छ । पालिकाले गत वर्षको मौज्दात घटी सारेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२.५ **दाखिला गर्न बाँकी दायित्व** - पालिकाको सुत्रबाट प्राप्त प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) अनुसार यस बर्ष कट्टी गरेको कर लगायतको रकम रु. २,३०,१३६।- दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०,१३६ |

## ३ बैङ्क हिसाब विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले हिसाब मिलान विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको स्रेस्ता र वैंक वीच देहाय अनुसारको रु. ८४,३२,८९१.८८ फरक परेकोले उक्त फरक रकमको हिसाव मिलान गर्नुपर्दछ साथै मासिक रुपमा प्रत्येक खाताको बैङ्क हिसाब मिलान गर्ने तर्फ ध्यान जानुपर्दछ ।

| **खाता** | **स्रेस्ता अनुसारको मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | (१८३२५५) | ३६७०१० | ५५०२६५ |
| स्थानीय तह सञ्चित कोष खाता | ५९८४५२७.३१ | ३११३२५ | (५६७३२०२.३१) |
| चालु खर्च खाता | १५२९५७६ | ३२१२७१७ | १६८३१४१ |
| पुँजिगत खर्च खाता | ३५९५१५ | ३४८७१३२ | ३१२७६१७ |
| आन्तरिक अनुदान खाता | ० | २४९६८१६ | २४९६८१६ |
| विविध खर्च खाता | ७४६०४.४४ | २५३५३८४ | २४६०७७९.५० |
| स्थानीय तह धरौटी खाता | ६०४२७८६.३७ | ९८०७५४० | ३७६४७५३.६३ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४९६६०० | ५१९३२२ | २२७२२ |
| **जम्मा** | **१४३०४३५४.१२** | **२२७३७०४६** | **८४३२८९१.८८** |

## ४ संचितकोषमा स्थान्तरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय तहको संचितकोषमा स्थान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्षको समाप्त पश्चात पनि चालु खर्च खाता, पुँजिगत खर्च खाता, आन्तरिक राजस्व खाता र आन्तरिक अनुदान खातामा रहेको रकम संचितकोषमा स्थान्तरण नगरी आर्थिक बर्ष २०८१।८२ मा मात्र स्थान्तरण गरेको देखियो । पालिकाले आर्थिक बर्ष समाप्त भए पश्चात अन्य खातामा बाँकी रहेको रकम असार मसान्त भित्रै संचितकोषमा स्थान्तरण गर्नुपर्दछ ।

## ५ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय हस्तान्तरणको बजेट, खर्च, बाँकी र फिर्ताको विवरण अनुसार खर्च नभई बाँकी रहेको संघ तर्फको रु.१,९६,९०,५९९।- र प्रदेशतर्फको रु. ९,२५,६५७।- समेत जम्मा रु. २,०६,१६,२५६।- संघीय र प्रदेश संचितकोषमा फिर्ता पठाएको देखिन्छ ।

## ६ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ३९ करोड ७१ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ७ खर्च बिश्लेषण

पालिकाले यसबर्ष आन्तरिक आयबाट रु. २४ लाख ६६ हजार, राजस्व बाँडफाँटबाट रु. ६ करोड ९३ लाख ३९ हजार र अनुदानबाट रु. २५ करोड ४४ लाख ६२ हजार समेत रु. ३२ करोड ६२ लाख ६७ हजार आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २२ करोड ६० लाख २२ हजार र पूँजिगत तर्फ रु. १० करोड ७१ लाख २६ समेत कुल रु. ३३ करोड ३१ लाख ४८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७४ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ४७ लाख २६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९१ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६७.८४ प्रतिशत चालु र ३२.१६ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०२९३००० | ९७१२६०५ | ९४.३६ |
| २ | सामाजिक विकास | १६५९६७२७४ | १४४६५१२८४ | ८७.१६ |
| ३ | पूर्वाधार विकास | १०३९७१००० | ८२९३४५९१ | ७९.७७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २००५००० | १९५४९९९ | ९७.५१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १११४०६५२७ | ९३८९४९४२ | ८४.२८ |
| **जम्मा** | | **३९३६४२८०१** | **३३३१४८४२१** | **८४.६३** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये शुसासनको क्षेत्रमा सबैभन्दा बढी ९७.५१ प्रतिशत र सबै भन्दा कम पुर्वाधार विकास क्षेत्रमा ७९.७७ प्रतिशत खर्च भएको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार विकासको क्षेत्रमा बढी बजेट विनियोजन गरी खर्च गर्ने व्यबस्था गर्नुपर्दछ ।

## ९ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्ने सक्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमा कार्यपालिकाको निर्णय अनुसार ६५ शिर्षक/कार्यक्रममा बजेट घटाई ८७ शिर्षक/कार्यक्रममा वजेट बढाई रु. ३ करोड ५९ लाख ८९ हजार वजेट बढाएको देखिन्छ । कार्यपालिकाको पटक पटकको निर्णय अनुसार सभाले पारित गरेको कार्यक्रम नगरी रकमान्तर गर्ने, श्रोतान्तर गर्ने, योजना परिवर्तन गर्ने तथा योजनामा छुट्याईएको रकम सम्बन्धित योजना कार्यान्वयन नगरी सोही योजनाको नामबाट बजेट खर्च लेखि अन्य योजना तथा कार्यक्रम गर्ने गरेको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रम परिवर्तन गर्ने पटके निर्णयवाट रकमान्तर र श्रोतान्तर गर्ने तथा एक योजनामा छुट्टयाईएको बजेट सोही योजनाको नामवाट बजेट खर्च लेखि अन्य योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**१० बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**११ अवण्डा वजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार खर्च शिर्षकमा रु. ७९,५०,०००।- अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम |
|---|---|---|
| १ | अध्यक्षसंग कृषि कार्यक्रम | १८००००० |
| २ | उपाध्यक्षसंग ज्येष्ठ नागरिक कार्यक्रम | ५००००० |
| ३ | वडा नं. ३ को एकमुष्ठ बजेट | १६५०००० |
| ४ | गत आर्थिक बर्षको भुक्तानी दिन बाँकी रकम | ४०००००० |
| **जम्मा** | | **७९५००००** |

**१२ योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल ११९ योजनामा वजेट विनियोजन गरेको छ।

| जम्मा योजना सङ्ख्या | रु. २० लाखमाथिका | रु. ५ लाख देखि २० लाख सम्म | रु. ५ लाख भन्दा कम |
|---|---|---|---|
| ११९ | १७ | ३८ | ६४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (हजारमा) | | | | असार महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | १०७१२५ | ० | ४८०३ | ३६८६० | ६५४६२ | ५२२४५ |
| प्रतिशत | १०० | ० | ४.४८ | ३४.४१ | ६१.१२ | ४८.७७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौथो त्रैमासिकमा कुल पुँजिगत खर्चको ६१.१२ प्रतिशत र असार महिनामा मात्र ४८.७७ प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले अन्तिम त्रैमासिक अर्थात आर्थिक बर्षको अन्तमा मात्र पुँजिगत खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

## १४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेखराखेको छैन ।
- पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन र भ्रमण अभिलेख खाता पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २८ लाख २२हजार खर्च लेखेकोमा कतिपय भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन समेत गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १७ लाख २७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भर्पाई गराई वितरण गर्ने गरेको देखियो ।

- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १५ सेवा प्रवाहको स्थिति

पालिकाबाट यो वर्ष जन्म दर्ता ८८३ वटा, मृत्यु दर्ता २४० वटा, बसाइँसराइ ४५ वटा, विवाह दर्ता २४५ वटा दर्ता गरेको विवरण प्राप्त भएको छ । पालिकाले सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

## १६ सार्वजनिक सम्पत्तिको रेखदेख

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

## १७ ऐनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा पालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले कतिपय कार्यक्रम सभाबाट स्वीकृत भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट सभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

## १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## १९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले गत विगत वर्षमा कर्मचारी कल्याण कोषमा राखेको रु. १ लाख जिम्मेबारी सर्दै आएकोमा यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

२१ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्थाहरु दर्ता भई कार्यरत रहेको देखिन्छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

२२ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्यौट गर्नु पर्ने र नियम ५२(४) मा फर्स्यौट गर्न बाँकी पेश्की रकमलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत बर्ष र यस बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | पेश्की प्रयोजन | पेश्की लिएको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| ४८-२०८०।८।१७ | व्यवसाय दर्ता तालिम | मानसिह बुढा | ४०००० | |
| ४८-२०८०।८।१७ | लघुकर्जा तालिम | मानसिह बुढा | १९८०० | |
| ४८-२०८०।८।१७ | क्षमत विकास तालिम | मानसिह बुढा | ३४००० | |
| ४८-२०८०।८।१७ | लघु उद्यम क्षमता विकास | मानसिह बुढा | १६८०० | |
| ४८-२०८०।८।१७ | परिचय वितरण तथा छफाइ | मानसिह बुढा | ४४००० | |
| ४८-२०८०।८।१७ | प्राविधिक सिमुलक तालिम | मानसिह बुढा | ११०४०० | |
| ४८-२०८०।८।१७ | वडास्तरीय अभिमुखिकरण तालिम | मानसिह बुढा | २५००० | |
| ३५५-०८१।३।२४ | व्यवसाय दर्ता तालिम | मानसिह बुढा | ४०००० | |
| ३५५-०८१।३।२४ | लघुकर्जा तालिम | मानसिह बुढा | १९८०० | |
| ३५५-०८१।३।२४ | क्षमत विकास तालिम | मानसिह बुढा | ३४००० | |
| ३५५-०८१।३।२४ | लघु उद्यम क्षमता विकास | मानसिह बुढा | १६८०० | |
| ३५५-०८१।३।२४ | परिचय वितरण तथा छफाइ | मानसिह बुढा | ४४००० | |
| ३५५-०८१।३।२४ | प्राविधिक सिमुलक तालिम | मानसिह बुढा | ११०४०० | |
| ३५५-०८१।३।२४ | वडास्तरीय अभिमुखिकरण तालिम | मानसिह बुढा | २५००० | |
| २४-०८१।३।१९ | ईल्ची खानेपानी आयोजना | सफल संजिवनी जे.भि. | | ३१२५९९५ |
| गत बर्षको | आवासिय भवन निर्माण | साझा कन्स्ट्रक्सन | | ७२६७५३ |
| **जम्मा** | | | **५८००००** | **३८५३७४८** |

| | |
|---|---|
| पेश्की | ५,८०,००० |

## २३ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा गाउँपालिकाले विभिन्न कर तथा शुल्क उठाउने व्यवस्था रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

२३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष बिभिन्न शिर्षकमा गरेको आयको अनुमान र असूलीको अवस्था निम्नानुसार छ ।

| आय शिर्षक संख्या | अनुमान | असुली |
|---|---|---|
| १५ | ५०००००० | २४६६७४५ |

पालिकाको सुत्रको आन्तरिक राजस्वको आम्दानीको प्रतिवेदन अनुसार यस बर्ष अनुमान गरेको आयको तुलनामा ४९.३३ प्रतिशत मात्र आय प्राप्त भएको देखिन्छ । पालिकाले आय अनुमान गरेको २ शिर्षकमा शुन्य आय प्राप्त भएको र ७ शिर्षकमा आय अनुमान नगरेकोमा उक्त शिर्षकमा आय प्राप्त भएको देखियो । जस अनुसार पालिकाले गरेको आय अनुमान यथार्थ परक छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले आयको यथार्थ परक अनुमान गरी आन्तरिक आय बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२३.२ **राजस्व आम्दानीको लेखा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवा ग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन । जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन । अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ ।

२३.३ **रसिद नियन्त्रण खाता** : पालिकाले राजस्व आम्दानीको लागि महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राजस्व आम्दानीको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं. ९०४) तयार गरेको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेका कारण गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेलीको संख्या एकिन गर्न सकिएन । पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

२३.४ **घटी दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको एम्वुलेन्सतर्फको आम्दानीको नगदि रसिद परीक्षण गर्दा निम्नानुसार कर्मचारीले आम्दानी भएको रकम राजस्व दाखिला गरेको नदेखिएकोले उक्त रकम व्याज समेत गणना गरी असुल गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **रकम** |
|---|---|
| चालक श्री जिवराज रेग्मी | १४९०२ |
| चालक श्री दिपेन्द्र बम | ३९६७७ |
| चालक श्री सागर साही | ४२७७ |
| जम्मा | ५८८५६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,८५६ |

२३.५ **राजस्व असुली :** पालिकाको आर्थिक ऐन, २०८० मा सवारी साधन कर, व्यवसायकर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, प्राकृतिक स्रोत शुल्क प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा कुनै

शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने कुनै शिर्षकमा न्यून मात्र असुल भएको देखियो । पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरि आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२४ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खर्च गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.२५,१४,९१८।- ईन्धनमा खर्च गरेको पाईयो।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति ईन्धन उपलब्ध गराएको, कुन प्रयोजनको लागि प्रयोग भएको सवारीसाधनलाई ईन्धन उपलव्ध गराएको हो सोको सम्पूर्ण विवरण खुल्ने लगबुक लगायतका विवरण आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमामात्र भएको भन्ने अवस्था देखिदैन। पालिकाले ईन्धन खर्चको व्यवस्थित अभिलेख राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

२५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष विविध खर्चतर्फ मात्र रु.१७,२७,४३२।- खर्च गरेको छ। पालिकाले विविध खर्चको मापदण्ड तयार गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **जिन्सी दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ को उपनियम १ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्नेछ।त्यस्तै PAMS मा भएको म.ले.प.फा. ४०१, ४०२ र ४०३ वमोजिम जिन्सी सामानहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका सामानहरु माग फारम, खरिद आदेश र जिन्सी दाखिला वेगर विलको आधारमा भुक्तानी दिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | विवरण | रकम (मू.अ.करसहित) |
|---|---|---|---|
| २४८।०८१।३।१६ | वडा सचिव पदम बहादुर बम | रिभल्विन चियर,कार्पेट,टेबल पंखा र मसलन्द तथा कार्यालय सामाग्री | २३०००० |
| २४९।०८१।३।१६ | वडा सचिव मन्दिर बहादुर बूढा | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १०१००० |
| २५०।०८१।३।१६ | वडा सचिव गोरख बहादुर शाही | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १००००० |
| २५१।०८१।३।१६ | वडा सचिव प्रकाश कुमार लामिच्छाने मगर | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १८०००० |
| २५२।०८१।३।१६ | वडा सचिव अर्जुन बराल | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १९०००० |
| २५३।०८१।३।१६ | वडा सचिव धनरुप रोकाया | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ९०००० |
| ११५।०८०।११।७ | वडा सचिव मन्दिर बहादुर बूढा | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १२५००० |
| ११६।०८०।११।७ | वडा सचिव धनरुप रोकाया | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १२५००० |
| ५३।०८०।८।१७ | प्रसिद्ध कर्णाली सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ४२२८६३ |
| २००।०८१।२।२२ | क्वालिटी भेट सेन्टर | पशुपन्छी औषधी खरिद विल मात्र पेश। | ९९९९५ |
| **जम्मा** | | | **१६६३८५८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,६३,८५८ |

२७ **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता** (२४२-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ। गाउँपालिकामा मिति २०८० माघ १६ देखि १९सम्म (३ दिन) पालिकामा हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन वापत श्री गाउँ खेलकुद विकास समिति ठाटीकाँधले पेश गरेको निम्नानुसार विल बमोजिमको जम्मा रु.३१,९७,०००।- भुक्तानी दिएको छ।तर कार्यक्रमको लागत अनुमान, उपस्थित संख्या, खेलको संख्या, खेलाडीको संख्या र कार्यक्रमको प्रतिवेदन तयार नगरी विल र सम्झौताको आधारमा भुक्तानी भएकोले उक्त खर्चको सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले कार्यक्रमको लागत अनुमान तयारी तथा स्वीकृत गरेर सो बमोजिम भएको खर्च र सोको प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

| खर्चको विवरण | रकम |
|---|---|
| खाना, खाजा र हवटल वास | २०१५००० |
| कर्मचारी तथा पदाधिकारी पोशाक खर्च | १३२२१० |
| खेलाडी पोशाक | १०८४८० |
| अन्य खर्च | ८२६३१० |
| **जम्मा** | **३१९७०००** |

२८ **शैक्षिक अनुदान शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक शत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखी नै अन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई गत बर्षको भुक्तानी दिन बाँकी शिक्षकको तलब रु.७४,८९,८८०।- र यस बर्षको शिक्षकको तबल रु.१,२६,२४,९०७।- समेत जम्मा रु.२,०१,१४,७८७।- तलब भत्ता राजस्व वाँडफाँडबाट भुक्तानी गरेको देखिन्छ। पालिकाले विद्यार्थी शिक्षकको अनुपात विश्लेषण गरेर यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७७ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट आ.व. २०८०/८१ मा रु.४७,२६,७००।- पदाधिकारी सुविधामा खर्च भएको छ।

३० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका २१ जना कर्मचारीहरुको रु.१,३६,६७,७०५।- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३१ **करार कर्मचारीको पारिश्रमिक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक निम्नानुसार पदमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो।ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| ईन्जिनियर | १ | ५३४२६८ |
| सव.ईन्जिनियर | १ | ४६१४९० |
| अ.सव.ईन्जिनियर | १ | ४३७७२६ |
| सहायक कम्प्युटर अपरेटर | १ | ४३७७२६ |
| बाल कल्याण अधिकारी | १ | १८२६४२ |
| **जम्मा** | | २०५३८५२ |

| अनियमित भएको | २०,५३,८५२ |
|---|---|

## ३२ **डोर हाजिरीमा कर्मचारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै,स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार तोकिएको पदमा बाहेक करारमा कर्मचारी नियुक्त गर्न नपाउने उल्लेख छ। गाउँपालिका विभिन्न कार्यक्रमको नाममा ज्यामीहरुको ज्याला दैनिक डोर हाजिर फाराम संलग्न गरी निम्नानुसारको ज्याला भुक्तानी गरेको छ। पालिकाले यसरी डोर हाजिरीको आधारमा ज्यामिहरुलाई ठुलो रकम ज्यालामा खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं. र मिति | विवरण | संख्या | जम्मा ज्याला रु. |
|---|---|---|---|
| २४६।०८१।३।१५ | २०८० श्रावण देखि चैत्र सम्म मासिक ९ दिनका दरले ९ महिनामा ८१ दिन ज्यामी खर्च भुक्तानी। | ४३ | २६१२२५० |
| २७२।०८१।३।१९ | २०८० श्रावण देखि २०८१ आषाढ सम्म रु.११००।का दरले २२५ दिनको ईलेक्ट्रिसियनको ज्याला भुक्तानी | १ | २४७५०० |
| २९९।०८१।३।२३ | पूर्ण सरसफाई ज्यामीलाई रु.७५०।का दरले २७ दिनको ज्याला भुक्तानी। | ४ | १३५००० |
| २९१।०८१।३।२१ | सडक मर्मतको ज्यामीलाई रु.२०४५०।का दरले ज्याला भुक्तानी | ११ | २२४९५० |
| १७०।०८०।१२।२७ | पूर्ण सरसफाई ज्यामीलाई श्रावण देखी चैत्र सम्म ज्याला भुक्तानी। | १ | १२१५०० |
| १५१।१२।२६ | वन संरक्षण ज्यामीलाई फागुन र चैत्रसम्मको ज्याला भुक्तानी। | १ | ७९४६० |
| १५२।१२।२६ | वन संरक्षण ज्यामीलाई फागुन र चैत्रसम्मको ज्याला भुक्तानी। | १ | ७९४६० |
| जम्मा | | | ३५००१२० |

| अनियमित भएको | ३५,००,१२० |
|---|---|

## ३३ **स्थानीय भत्ता कट्टी नगरेको**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ।लेखापरीक्षणको क्रममा छनौट गरीएका भौचरहरुको परीक्षण गर्दा कार्यालयबाट देहाय बमोजिमका कर्मचारीहरुलाई भुक्तानी भएको भ्रमण खर्चमा स्थानीय भत्ता कट्टा नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल गरिनुपर्ने तथा अन्य कर्मचारीको सम्बन्धमा कार्यालयबाट थप यकिन गरी असुल गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | भुक्तानी पाउने | भ्रमण अवधि | भुक्तानी | स्थानीय भत्ता रकम |
|---|---|---|---|---|
| १८०।०८०।१२।२९ | नि.प्र.प्र.अ.नेत्र बहादुर थापा | १०।२०-२८, ९।१३-१९, ८।१२-१८, ८।४-८ | ५०००० | ८२१३ |
| ७८।०८०।८।१८ | नि.प्र.प्र.अ.नेत्र बहादुर थापा | २०८०।४।२६-५।३ | २८९०० | २०५३ |
| **जम्मा** | | | | **१०२६६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२६६ |

३४ **प्रमाण पेश नभएको**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(२) अनुसार हवाई यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाई टिकट पेश गरेमा मात्र सो बापतको रकम भुक्तानी दिईने उल्लेख छ। पालिकाले अधिकृत्ट छैटौ श्री नेत्र बहादुर खत्रीलाई मिति २०८०।४।२६ देख ५।३ गते सम्म काठमान्डौ भ्रमणमा खटिएको अबधिको भ्रमण खर्च रु.२८,९००।- भुक्तानी दिदा हवाइ जहाज टिकटको काठमाडौं जाँदाको रु. ७,८००।- र काठमाडौंबाट आउदाको रु. ७,५००।- समेत जम्मा रु. १५,३००।- भुक्तानी गरेकोमा हवाई जहाजको टिकट र वोर्डिङ पास पेश गरेको देखिएन । भुक्तानी भएको रकमको हवाइ जहाजको टिकट र बोडिङ्ग पास पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,३०० |

३५ **गत वर्षको राष्ट्रपति रनिङ्ग शिल्ड** (१३४-२०८०-११-१४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षा अधिकृत नेत्र बहादुर थापालाई गत बर्षको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता वापत रु.२,१८,९१०।- भुक्तानी दिएको छ। मिति २०७९ माघ २५ देखि २७ सम्म राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिको उपस्थिति , लागत अनुमान तथा खर्च तेरिज तयार नगरी खाजा र खानाको विल रु.१,९९,२६०।- र अन्य विल रु. २२,५१०।- राखी भुक्तानी लिएकोले यसरी विलको आधारमा भुक्तानी दिन नमिल्ने भएकोले सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१८,९१० |

३६ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ । पालिकाले कार्यालयका कर्मचारीहरु मात्र रहेको दरभाउपत्र मुल्याङ्कन समितिको वैठकको लागि देहायका कर्मचारिलाई कर कट्टी गरी रु. ९७,७५०।- बैठक भत्ता भुक्तानी दिएको छ । पालिकाले कार्यसंचालन निर्देशिका विपरित भुक्तानी दिएको बैठक भत्ता रकम सम्वन्धित कर्मचारीवाट असुल गर्नुपर्ने रु.

| क्र.स. | दर्जा/ नाम | संख्या | खुद भुक्तानी |
|---|---|---|---|
| १ | नि.प्र.अ. नेम वहादुर खत्रि | १० | १२७५० |
| २ | ई.खेम शाहि | १० | १२७५० |
| ३ | ले.पा. लोकेन्द्र भण्डारि | १० | १२७५० |
| ४ | स.ह.लव.वहादुर सिंजापति | १० | १२७५० |
| ५ | अ.स.इ.गज वहादुर शाहि | १० | १२७५० |
| ६ | क.अ.उमेश शाहि | १० | १२७५० |
| ७ | स्टोर किपर भुवन भलाई मगर | १० | १२७५० |
| ८ | का.स प्रेम वोगटि | १० | ८५०० |
| **जम्मा** | | | **९७७५०** |

| असुल गर्नुपर्ने | १,०२,००० |
|---|---|

३७ **प्रशिक्षक भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ मा गाउँस्तरिय तालिम गोष्ठि सेमिनारमा कार्यालयका कर्मचारीले कार्यपत्र प्रस्तुत गरे वापत कार्यपत्रको रु. ८०० पाउने र प्रवचन वापत कुनै रकम दिने उल्लेख छैन। पालिकाले संचालन गरेका देहाय अनुसारको तालिममा पालिकाकै कर्मचारी प्रशिक्षक रहेको अवस्थामा कार्यपत्र श्रेस्ता साथ संलग्न नरेहकोले कार्यपत्र र प्रवचन वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| भौ.न./ मिति | कार्यक्रम | भुक्तानी पाउने | जम्मा सेसन | दर | जम्मा | करकट्टि | रकम भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १६०/०८१/३/१५ | रैथाने वालि प्रवधन | क.अ सन्देश विक्रम शाहि | ६ | १५०० | ९००० | १३५० | ६७५० |
| | | प्रा.स. जगदिश न्यौपाने | ६ | १५०० | ९००० | १३५० | ६७५० |
| | | ना.प्रा.स. पुर्ण वहादुर शाहि | ६ | १५०० | ९००० | १३५० | ६७५० |
| | | ना.प्रा.स विनोद कुमार विष्ट | ६ | १५०० | ९००० | १३५० | ६७५० |
| १८८/०८१/३/१८ | अपाङगता समन्धि तालिम | प्रा.स. विरेन्द्र रावत | २ | १५०० | ३००० | ४५० | २५५० |
| | | नेत्र वहादुर थापा | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| | | लव दहादुर शाहि | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| जम्मा | | | | | | | ३७२०० |

| असुल गर्नुपर्ने | ३७,२०० |
|---|---|

३८ **अनुगमन भत्ता** (२३१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदां रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनु पर्दछ। आलु वालि पकेट विकास कार्यक्रमको अनुगमन गरेको भनि देहायका कर्मचारिलाई रु.१,८६,०००।- मा १५ प्रतिशत कर रु.२७,९००।- कट्टि गरी रु.१,५८,१००।- भुक्तानी दिएको छ। पालिकाले आफ्नो कार्य क्षेत्र भित्रकै कार्यक्रमको अनुगमन गर्दा अनुगमन भत्ता दिन नमिल्ने देखिएको र अनुगमन प्रतिवेदन समेत संलग्न नगरेकोले भुक्तानी भएको रकम असूल हुनुपर्दछ रु.

| क्र.स. | दर्जा नाम थर | दिन | दर | जम्मा | कर कट्टि | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | प्रा.स. जगदिश न्यौपाने | २८ | १५०० | ४२००० | ६३०० | ३५७०० |
| २ | ना.प्रा.स. विनोद विष्ट | २८ | १५०० | ४२००० | ६३०० | ३५७०० |
| ३ | ना.प्रा.स. पुर्ण वहादुर शाहि | २४ | १५०० | ३६००० | ५४०० | ३०६०० |
| ४ | कृषि अधिकृत सन्देश विक्रम शाहि | २४ | १५०० | ३६००० | ५४०० | ३०६०० |
| ५ | ना.प्रा.स. देवसरा शाहि | १० | १५०० | १५००० | २२५० | १२७५० |
| ६ | खा.पा.स.टे ज्ञन वहादुर विष्ट | १० | १५०० | १५००० | २२५० | १२७५० |
| जम्मा | | | | | | १५८१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,१०० |

३९ **IEMIS को तथ्याङ्क**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अद्यावधिक गरी सोही आधारमा निकासा गर्नु पर्नेमा आंशिक रुपमा मात्र तथ्याङ्क भिडान गरेको पाइयो । पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, बुक कर्नर, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले अनुगमन गरी IEMIS को तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी निकासा दिनुपर्दछ ।

४० **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ मा दैलेख जिल्लाका स्थानीय तहले प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले दिवा खाजाको रकम विद्यालयलाई निकासा गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र वि.व्य.स. का अध्यक्षबाट विद्यार्थीको हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले दिवा खाजा व्यवस्थापनको लागि ४३ वटा विद्यालयलाइ रु.१,११,५५,६१५।- निकासा दिएकोमा वास्तविक विद्यार्थीको संख्या यकिन गरेको फोटो सहितको अनुगमन प्रतिबेदन पेश छैन यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

४०.१ **माग भएको भन्दा बढी दिवा खाजा भुक्तानीः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न २.७.११.१ मा दिवा खाजाको रकम उपलब्ध गराउदा आर्थिक बर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएका विद्यार्थिलाइ मात्र दिवा खाजा निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिको रकम निकासा गर्दा विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकले प्रमाणित गरेको माग फारमको आधारमा निकासा दिनुपर्ने उल्लेख छ । नुमना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसारका विद्यालयलाइ विद्यालयले माग गरेको भन्दा बढी दिवा खाजाको रकम निकासा गरेकोले बढी निकासा भएको रकम असूल हुनुपर्ने रु.

| विद्यालयको नाम | माग भएको दिवा खाजा रकम | भुक्तानी भएको दिवा खाजा रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|
| श्री सुर्यदय आ.वि. लामामेला | १०९२४५ | ११४२१० | ४९६५ |
| श्री मंगल आ.वि.वाचपानी | १७१७६५ | १८६७६५ | १५००० |
| श्री सुक्र आ.वि. जैचौर | २७७४७० | २९९७४५ | २२२७५ |
| श्री भगवती आ.वि. बुढागाउ | २३९७७५ | २५४७५० | १४९७५ |
| **जम्मा** | | | **५७२१५** |

| असुल गर्नुपर्ने | ५७,२१५ |
|---|---|

४०.२ **IEMIS को तथ्यांक भन्दा बढी विद्यार्थीलाइ भुक्तानीः शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको** क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजाको रकम उपलब्ध गराउदा आर्थिक बर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएका विद्यार्थिलाइ मात्र दिवा खाजा निकासा गर्ने उल्लेख छ। पालिकाले धर्मभक्त आधारभुत विद्यालय सिराडीको दिवा खाजा निकासा दिदा IEMIS भन्दा बढी विद्यार्थीको दिवा खाजा भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.

| IEMIS अनुसार विद्यार्थी संख्या | भुक्तानी भएको विद्यार्थी संख्या | निकासा भएको रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १३८ | १४६ | ३९४२०० | ३७२६०० | २१६०० |

| असुल गर्नुपर्ने | २१,६०० |
|---|---|

४०.३ **१८० दिन भन्दा बढी दिवा खाजा निकासाः**शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा प्रति विद्यार्थी बार्षिक रुपमा १८० दिनका दरले दिवा खाजाको रकम उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्मानुसारका विद्यालयलाई दिवा खाजाको रकम निकासा गर्दा तोकिएको १८० दिन भन्दा वढी दिनको निकासा गरेकोले बढी निकासा भएको रकम असूल हुनुपर्ने रु.

| **विद्यालयको नाम** | **भुक्तानी भएको दिन** | **विद्यार्थी संख्या** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|
| श्री जन आ.वि. थापाटोल | १९१ | ६२० | १०२३०० |
| श्री सुर्यदय आ.वि. लामामेला | १८९ | १५५ | २०९२५ |
| श्री नन्ददेवी आ.वि. भम्क | २०० | ६५४ | १९६२०० |
| **जम्मा** | | | **३१९४२५** |

| असुल गर्नुपर्ने | ३,१९,४२५ |
|---|---|

४१ **बढी निकासा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्वीकृत दरवन्दी बमोजिम विद्यालयबाट प्राप्त माग फारमा अनुसार शिक्षकको तलव निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निकासा दिएका विद्यालयहरुको नमुना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसार विद्यालयले माग गरेको रकम भन्दा बढी रकम निकासा दिएकोले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | माग फारम अनुसारको रकम | निकासा रकम | बढी निकासा रकम |
|---|---|---|---|
| शुक्र आ.वि. औचौर | ४५००४८ | ४५४४३४ | ४३८६ |
| सत्यदेवी आ.वि. आग्र | ५७४७६५ | ५८७६२६ | १२८६१ |
| देउति मा.वि. गैरागाँउ | ५७३८८९ | ५७७१५४ | ३२६५ |
| **जम्मा** | | | **२०५१२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,५१२ |

४२ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.७.२.१.१ मा विद्यार्थीद्ये शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन स्थानीय तहले गर्नुपर्ने साथै पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थीको वितरण को भरपाइ पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले ४० वटा विद्यालयलाई निशुल्क पाठ्यपुस्तक वापतको रकम रु.३५,१२,०६०।- निकासा गरेको छ । नुमना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसार विद्यालयको पाठ्यपुस्तक वितरण गरेको भरपाइ भन्दा बढी विद्यार्थिको रकम भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | भुक्तानी भएको विवरण | | भुक्तानी हुनुपर्ने विवरण | | बढी भुक्तनी रकम |
|---|---|---|---|---|---|
| | विद्यार्थि संख्या | रकम | विद्यार्थि संख्या | भुक्तानी भएको रकम | |
| श्री ने.रा. आ.वि.धामिगाउँ | २६८ | १५३४१६ | १७१ | १३५२६९ | १८१४७ |
| श्री मालिका मा.वि. ठिमुरे | ३३५ | ३०८४०९ | ३०७ | २६९१६३ | ३९२४६ |
| श्री मालिका मा.वि. पाँचाला | ५२३ | ५४१६६९ | २९३ | ३७३३२८ | १६८४३१ |
| **जम्मा** | | | | | **२२५८२४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५,८२४ |

४३ **स्यानीटरी प्याड खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरि खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष विद्यालय छात्राहरुका लागि ३०३३३ थान स्यानिटरी प्याड खरिद गर्नको लागि रु. १५,४२,४३३।-को लागत अनुमान तयार गरी वोलपत्र मार्फत सवैभन्दा कम कवोल गर्ने मानसरोवर ट्रेड कन्सर्नसंग २०८१।३।१६ मा सम्झौता गरी रु. ७,८०,०११।- मा खरिद कार्य सम्पन्न गरेको छ । पालिकाले वोलपत्र मार्फत स्यानिटरी प्याड खरिद गर्दा प्रति थान २५.९७ लागत परेकोमा पुन आर.डि. मेडिसर्ज सुर्खेतवाट दरभाउपत्र मार्फत १३३०० थान प्याड प्रति थान रु. ५६.४४ को दरले रु. ७,२१,७५०।- मा खरिद गरेको देखिन्छ । पालिकाले वोलपत्र मार्फत खरिद गर्दा बचत भएको रकमबाट आर्थिक बर्षको अन्तमा सोझै खरिद गर्दा प्रति थान रु. ३०.४७ को दरले १३३०० थानको जम्मा रु. ४,०५,२५१।- बढी व्ययभार परेको देखिन्छ । पालिकाले आवाश्यक स्यानिटरी प्याडको एकिन गरी प्रतस्पर्धा सिमिति नहुने गरी खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४ **सामाजिक सुरक्षा तथा संरक्षणतर्फ**

४४.१ **लगत कट्टा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १०(२) वमोजिम स्थानिय तहले भत्ता पाउने लाभग्राहि हरुको फोटोसहितको मुल अभिलेख राख्नु पर्ने सो अभिलेख वाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाईसराई सरेका तथा अन्य कुनै कारणले भत्ता नपाउने लाभग्राहिकको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो घटनाको सम्वन्धमा आवश्यक पहल कदमि नगरेको हुँदा त्यस्ता व्यकतिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको एकिन गर्न सकिएन। पालिकाले लाभग्राहीको अभिलेखलाई अद्यावधिक गरी राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४.२ **सार्वजनिक सुनुवाई र अनुगमन :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

४४.३ **पारदर्शिता कायम :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेवसाइटमा प्रकाशन गरेको देखिएन । पालिकाले कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहिको नामावली सार्वजनिक गर्नुपर्दछ ।

४४.४ **निकासा फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७८०,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **खरिद अभिलेख तथा व्यवस्थापन**

४५.१ **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले प्रत्येक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम २ बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पुर्वयोग्यताको लागि आह्वान गरिएको सुचना, वोलपत्र आह्वान सम्वन्धी सुचना तथा कागजात, मूल्याङ्कन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सुचनाको प्रतिलिपि असफल वोलपत्रदातालाई पठाएको सुचनाको प्रतिलिपि, खरिद सम्वन्धी प्रकाशित सुचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, ईन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौता संशोधन गरिएको भए सो सम्वन्धि कागजात, मालसमान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसंग सम्वन्धित कागजातहरु अलग अलग फाइलमा राखेको देखियो । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रत्येक खरिद कार्यको खरिद सम्वन्धी सम्पुर्ण कागजातहरु एउटै फाइलमा पञ्जिका सहित सिलसिलेवर रुपमा राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५.२ **ठेक्का अभिलेखः** महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको अभिलेख राख्नको लागि ठेक्का सम्वन्धी गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ को व्यवस्था गरेको छ र उक्त ढाँचा बमोजिम पालिकाले ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । ठेक्का सम्वन्धि गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ मा निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर पालिकाले उक्त विवरण देखिने गरी ठेक्का सम्वन्धी गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ राखेको देखिएन । पालिकाले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४५.३ **नापी किताव तथा नियन्त्रण खाता :** महालेखा नियन्त्रक कार्यालयले निर्माण कार्यको रकम भुक्तानी र निर्माण कार्यको अभिलेखको लागि नापी किताव म.ले.प.फा.नं. ५०३, ठेक्का सम्वन्धी विल म.ले.प.फा.नं. ५०४ र नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ को व्यवस्था गरेको छ । पालिकाले ठेक्का वा अमानत वा अन्य प्रक्रियाबाट सम्पन्न गरिने निर्माण कार्यको के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्वन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी

कितावमा अभिलेख राखि सम्पति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्ने र सो नापी किताव बमोजिम म.ले.प.फा.नं. ५०४ बमोजिमको ठेक्का सम्वन्धी बिलको रकम भुक्तानी गर्नुपर्नेमा Measurement Sheet उल्लेख गरेको लुज सिटहरु मात्र संलग्न गरी रकम भुक्तानी गरेको देखियो । पालिकाले नापी किताव म.ले.प.फा.नं. ५०३ तयार गरी नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा सिलसिलेवर नम्वर उल्लेख गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई अद्यावधिक गर्नुपर्दछ ।

४५.४ **निर्माण सम्वन्धी म.ले.प.फाराम** : महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक निर्माण कार्यको अभिलेखको लागि प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टा छुट्टै निर्माण कार्यको लागत अनुमान (म.ले.प.फा.नं. ५०१), नापी किताव (म.ले.प.फा.नं. ५०३), ठेक्का सम्वन्धी विल (म.ले.प.फा.नं. ५०४), आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५), ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६), ठेक्का सम्वन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७), भेरिएसन आदेश फाराम (म.ले.प.फा.नं. ५०८), भेरिएसन अभिलेख खाता (म.ले.प.फा.नं. ५०९), डोर हाजिर फराम (म.ले.प.फा.नं. ५११), नापी किताव नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) र जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) को व्यवस्था गरेको छ । पालिकाले उल्लेखित स्वीकृत म.ले.प.फा.नं. को ढाँचा बमोजिम प्रत्येक खरिद कार्य र ठेक्काको विवरण स्पष्ट देखिने गरी राख्नुपर्नेमा अधिकांश फरामहरुको अद्यावधिक अभिलेख राखेको देखिएन । जसबाट तोकिएको विवरण तोकिएको ढाँचामा प्राप्त नहुने र सो सम्वन्धमा लेखापरीक्षणको क्रममा थप विश्लेषण गर्न नसकिने हुँदा पालिकाले स्वीकृत ढाँचा बमोजिमको म.ले.प.फारामहरु राखि निर्माण कार्यलाई व्यवस्थित वनाउनुपर्दछ ।

४५.५ **डि.एल.पि.अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४५.६ **बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड बिड डकुमेन्ट):** सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐन, को दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रईङ र विमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि.मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ पालिकाले बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ ।

## ४६ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा व्यवस्था रहेको छ ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले पुँजिगत खर्चतर्फ प्रत्येक योजना तथा ठेक्कामा ४

प्रतिशतको दरले कन्टिन्जेन्सी रकम छुट्याई खर्च गर्ने गरेको देखिएकोमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको देखिएन । पालिकाले यस वर्ष रू. १० करोड ७१ लाख २५ हजार पुँजिगत खर्च गरेकोमा सोको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले के कती कन्टिन्जेन्सी रकम कुन कुन कार्यमा खर्च भएको हो सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **उपभोक्ता समितिमार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा मुल्य अभिवृद्धि कर, ओभर हेड, कन्टेन्जेन्सी र जन सहभागीताको अंश समेतको एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको सार्वजनिक निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष ४९ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. १ करोड ५८ लाख ७१ हजार भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गर्दा देखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- पालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनुवाई सीमित गरेको अवस्था छ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने उल्लेख भएकोमा पालिकाले हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य समेत उपभोक्ता समित मार्फत गराएको छ ।
- पालिकाले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा प्रयोग गरिने सामाग्रिको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन जसले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भनी यकिन गर्न सकिएन ।
- योजना कार्यान्वियनको लागि उपभोक्ता समिति र कार्यालय बीच सम्झौता गरेपनि सम्झौतामा उल्लेख भए अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको देखिएन ।
- सार्वजनिक परीक्षण गरेको भनी विवरण संलग्न गरे तापनि उक्त परीक्षणमा उपभोक्ताको आमभेला नहुने, उपभोक्ता समितिका सिमित पदाधिकारी मात्र संलग्न हुने गरेको देखियो । अनुगमन समितिले अनुगमन गर्दा देखिएको व्यहोरा प्रतिवेदनमा बिस्तृत रुपमा उल्लेख गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य गराएको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो।

पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ ।

४८ **फर्मा कार्यको बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने

उल्लेख छ। पालिकाले भवन निर्माणमा प्रयोग हुने फर्माको कामको शहरी विकास तथा भवन निर्माण विभागको नर्म्समा बमोजिम हुने दर भन्दा बढी दरले भुक्तानी गर्दा निम्नानुसार योजनामा बढी भुक्तानी भएकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| कामको विवरण | परिमाण (ब.मि.) | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| **(गो.भौ.नं.- ३९-०८१।३।१९) दशरथ मा.वि. ठाँटिकाध (प्रदेश)** | | | | | |
| पिलर | १००.८ | १२६० | ९५३ | ३०७ | ३०९४५ |
| **जम्मा** | | | | | **३०९४५** |
| **(गो.भौ.नं.- ४०-०८१।३।१९) श्री चुली आ.वि. भवन निर्माण (प्रदेश)** | | | | | |
| पिलर | १००.८ | १२६० | ९५३ | ३०७ | ३०९४५ |
| **जम्मा** | | | | | ३०९४५ |
| **(गो.भौ.नं.- ३९-०८१।३।१९) दशरथ मा.वि. ठाँटिकाध (प्रदेश)** | | | | | |
| स्लाव | १३७ | ७६४ | ४७८ | २८६ | ३९१८२ |
| विम | १४७.८२ | १२९७ | १०११ | २८६ | ४२२७६ |
| **जम्मा** | | | | | **८१४५८** |
| **कुल जम्मा** | | | | | **१४३३४८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४३,३४८ |

४९ **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सुत्रको विवरण अनुसार पालिकाले यस बर्ष बजेटमा समावेश गरी गत बर्षको भुक्तानी दिन बाँकी रकम रु. १,००,८४,०३२।- यस बर्ष भुक्तानी दिएको देखिन्छ ।पालिकाले बहुबर्षिय खरिद सम्झौता बाहेकको साल वसाली रुपमा सम्झौता भएका कार्यको समेत वजेटमा समावेश गरी यस बर्ष भुक्तानी दिएको छ । पालिकाले बहुवर्षिय ठेक्का सम्झौता बमोजिमको भुक्तानी दिन बाँकी रकम बाहेक अन्य रकम वजेटमा समावेश गरि भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

५० **ईल्ची खानेपानी आयोजना (ठेक्का नं. TRM/NCB/WS/04 /080-81)**

पालिका र निर्माण व्यवसायी सफल संजिवनी जे.भि. विच खानेपानी आइवजना निर्माण कार्यको लागि रु. ३,६७,४३,७४४।- मा २०८२।१२।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०८१।२।३२ गते सम्झौता भएकोमा यस बर्ष पेश्की बाहेक पहिलो रनिङ विल वमोजिम रु. ४६,९८,९१७।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

५०.१ **पाइपको परिमाण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो निर्माण कार्य खरिद गर्नुअघि त्यस सावन्धी योजना, नक्सा, डिजाइन र विशेष आवश्यकता र अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी आयोजनाको लागि परामर्शदातावाट विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लगाएको र परामर्शदाताले पेश गरेको प्रतिवेदन बमोजिम वोलपत्र आह्वान गरी खरिद सम्झौता गरेकोमा खानेपानी आयोजनाको विल अफ क्वान्टिटिमा कुनै पनि स्पस्ट कारण नखुलाई डि.पि.आर. मा उल्लेख भएको पाइपको परिमाण भन्दा बढी परिमाण राखी खरिद सम्झौता गरेको देखिन्छ । यसरी पालिकाले कुनै कारण नखुलाई डि.पि.आर.मा उल्लेख भएको पाइपको परिमाण भन्दा बढी परिमाणको पाइप राख्दा आयोजनाको लागत बढ्न गएको देखिएकोले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई बढी परिमाणको पाइप वि.ओ.क्यू.मा राखि खरिद सम्झौता गर्नुको पुस्ट्याइ पेश गर्नुपर्दछ ।

| विवरण | डि.पि.आर. अनुसारको | | वि.ओ.क्यू. अनुसारको | |
|---|---|---|---|---|
| | परिमाण (कि.मिटर) | लागत | परिमाण | लागत |
| जि.आई. पाइप | ३.३१ | ४९०३०८७ | ३.७४८ | ४२४३७५० |
| एच.डि.पि.ईपाइप | १८.८८ | ५००९६२९ | २७.३७४ | ५५३००६८ |
| **जम्मा** | **२२.१९** | **९९१२७१६** | ३१.१२२ | ९७७३८१८ |

५०.२ **निजि धारा जडानको कार्य :** खानेपानी आयोजनाको लागि पालिकावाट स्वीकृत भएको विस्तृत योजना प्रतिवेदन (DPR) मा मूल्य अभिबृद्धि कर बाहेक कुल लागत अनुमान रु. ३,८२,७६,००४।- मध्ये रु. ४२,५०,१५०।- को Private Tap Connection (Excavation and Back filling) को काम Community Contribution हुने उल्लेख भएकोमा पालिकाले Community Contribution को कामलाई समेत लागत अनुमानमा समावेश गरी ठेक्का मार्फत कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको देखियो । खानेपानी आयोजना निर्माण पश्चात उक्त खानेपानी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण हुने र उपभोक्ता समितिले पानी वितरणबाट शुल्क समेत असुल गर्ने हुँदा डि.पि.आर.मा उल्लेख भए बमोजिम Private Tap connection को काम खानेपानी उपभोग गर्ने समुदायको भएको हुँदा उक्त कामलाई समेत ठेक्का मार्फ गराउने गरी ठेक्का सम्झौता गर्दा आयोजनाको लागत बढ्न गएको देखिएकोले यस सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

५१ **ठेक्का सम्झौता**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी वनाउनुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र खरिद नियमावली, २०६४ को नियम १४६(२) मा वोलपत्रमा पर्याप्त प्रतिषपर्धा गराउन बिद्युतीय संचार माध्यम (e-Bidding) वाट वोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष यस बर्ष e-Bidding मार्फत वोलपत्र आह्वान गरेकोमा निम्नानुसार ठेक्कामा लागत अनुमानको तुलनामा ०.३९ प्रतिशत सम्म मात्र घटिमा सम्झौता भएको देखिन्छ, जसबाट पालिकाले e-Bidding मार्फत वोलपत्र आह्वान गरी खरिद कार्य गर्दा समेत पर्याप्त प्रतिष्पर्धा भएको छ भन्न सकिने अवस्था देखिएन ।

| ठेक्का नं. | निर्माण व्यवसायी | निर्माण कार्यको नाम | लागत अनुमान | सम्झौता रकम | घटी कवोल प्रतिशत |
|---|---|---|---|---|---|
| ०८०।८१-०३ | सचेत निर्माण सेवा | ठाँटिकाध विजोर धनकोट सडक निर्माण | ९६५८३५० | ९६५०८१८ | ०.३९ |
| ०८०।८१-०४ | सफल संजिवनी जे.भि. | ईल्ची तल्लो भेरिपातल ज्यामिचौर खानेपानी | ४०९५४१६१ | ३६७४३७४४ | १०.२८ |

पालिकाले ईल्ची खानेपानी आयोजनाको वोलपत्र आह्वान गरेकोमा ५ वटा फर्मले वोलपत्र पेश गरेकोमा ३ वटा वोलपत्रदाता मूल्याङ्कन समितिवाट अस्वीकृत भई दुई वटा वोलपत्र मात्र सफल भएको र सो मध्ये रु.३,६७,४३,७४४।- कवोल गर्ने वोलपत्रदातासंग सम्झौता गरेको देखिन्छ । अस्वीकृत भएका वोलपत्रदाता मध्ये वोलपत्रदाता आकाश निर्माण सेवाले वोलपत्र सम्वन्धि कागजात साथ संलग्न गरी पेश गरेको कर्मचारीको Personnel Requirement नपुगेको भनि अस्वीकृत गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम वोलपत्रको परीक्षण गर्ने सिलसिलामा सार्वजनिक निकायले वोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने व्यवस्था भएकोमा पालिकाले वोलपत्रदाताले पेश गरेको विवरणको सम्वन्धमा थप जानकारी माग नगरी उक्त फर्मलाई अस्वीकृत गरेको देखिन्छ । पालिकाले खरिद ऐनमा भएको व्यवस्था बमोजिम वोलपत्रदातासंग थप जानकारी माग गरेर विश्लेषण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५२ **अस्पताल निर्माण (ठेक्का नं. TRM/NCB/THBC/06 /077-78)**

पालिका र निर्माण व्यवसायी रविना शाही प्रशंसा जे.भि. विच अस्पताल निर्माण कार्यको लागि रु. १३,०१,६८,७०७।- मा २०८०।३। ९ भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।३।१० गते सम्झौता भएकोमा उक्त समय भित्र तोकिएको कार्य सम्पन्न हुन नसकि २ पटक गरी २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको छ । हाल सम्म जम्मा रु. ९,१६,९०,३५३।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

५२.१ **सम्झौता बमोजिम पेश्की फर्स्यौंट नभएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको SCC Clause No. 57.1 मा प्रत्येक रनिङ विलबाट ४० प्रतिशतको दरले कट्टी गर्नुपर्ने र सम्झौता अबधिको ८० प्रतिशत समय भित्र सबै सबै पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्की फर्स्यौट गर्दा प्रत्येक रनिङ विलबाट ४० प्रतिशतको दरले कट्टी गर्नुपर्नेमा सो भन्दा कम दरमा कट्टी गरेका कारण सम्झौतामा उल्लेख भए बमोजिम सम्झौता अबधिको ८० प्रतिशत समय व्यतित हुदा समेत सवै पेश्की रकम फर्स्यौंट भएको देखिएन । अत: पालिकाले सम्झतौतामा उल्लेख भएको शर्त बमोजिम ठेक्काको म्याद थप समेतको सम्झौता अबधिको ८० प्रतिशत म्याद समाप्त भइसकेको अवस्थामा समेत आर्थिक बर्षको अन्त सम्म रु. ९७,३०,६१०।- पेश्की पछ्यौंट हुन बाँकी देखिएकोले उक्त पेश्की रकम असुल फर्स्यौंट गर्नुपर्ने रु.

| पेश्की | ९७,३०,६१० |
|---|---|

५२.२ **नापी किताव तथा ठेक्का विल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार गोश्वरा भौचरबाट निर्माण व्यवसायीलाई रु. ३,८१,१५,३५४।- खर्च लेखेकोमा उक्त खर्चको नापी किताव, ठेक्का विल र सक्कल कर विजक समेत लेखापरीक्षणको क्रममा पेश भएन । अत: नियममा भएको व्यवस्था बमोजिम नापी किताव, ठेक्का विल र निर्माण व्यवसायीले पेश गरेको सक्कल विल संलग्न नगरी भुक्तानी दिएको र लेखापरीक्षणको क्रममा माग गर्दा समेत उक्त विवरणहरु पेश नभएकोले भुक्तानी भएको निम्नानुसार रनिङ विलको नापी किताव, सक्कल कर विजक र ठेक्का विलको साथै भुक्तानी भएको रकम वरावरको कार्य सम्पन्न भए नभएको सम्वन्धमा पालिकाले अनुगमन गरी सोको प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | रनिङ विल | खर्च रकम | कैफियत |
|---|---|---|---|
| २-०८०।७।१९ | ६ | १७५६४९४६ | सक्कल कर विज पेश नभएको |
| १२-०८०।९।२७ | ७ | १०९१५१७८ | |
| १५-०८१।३।२३ | ८ | ९६३५२३० | सक्कल कर विज पेश नभएको |
| जम्मा | | ३८११५३५४ | |

| प्रमाण पेश नगरेको | ३,८१,१५,३५४ |
|---|---|

५२.३ आ.ले.प.बेरुजू: निर्माण कार्यको आठो रनिङको भुक्तानी दिदा प्रोभिजनल समको रकम भुक्तानी दिदा विल बमोजिमको रकम रु. ९,८०,९५३।- मात्र भुक्तानी दिनुपर्नेमा मूल्य अभिबृद्धि कर थप समेत रु. ११,०८,४७७।- भुक्तानी दिएको बढी भुक्तानी दिएको रकम रु. १,२७,५२४।- असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,२७,५२४ |
|---|---|

५३ **डि.पि.आर.खर्च**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले कार्यालयको जनशक्तिबाट सम्पन्न गर्न नसक्नुको स्पस्ट कारण नखुलाई यस बर्ष प्रशासकीय भवनको डि.पि.आर.

तयारीको लागि एक्सिस ईन्जिनियरिङ एण्ड म्यानेजमेन्ट प्रा.लि.संग परामर्श सेवा खरिद गरी रु. १४,००,०००।- खर्च लेखेको छ । यसरी परामर्श सेवा खरिद गर्दा सोको आवश्यकता. खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । परामर्शदातावाट डि.पि.आर तयार गरेकोमा उक्त आयोजनाको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत पालिकाले ध्यान पुर्याएको छैन। यसरि डि.पि.आर. तयार गर्दै जाने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

५४ **अधुरा ठेक्का**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ३ (ख) मा निर्माण व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायी ले व्यहोर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०७६।७७ मा निर्माण व्यवसायी विजय कन्स्ट्रक्सननसंग २०७७।३।३० मा कार्य सम्पन्न गर्ने गरी २०७६।१०।७ मा सम्झौता गरेका निम्नानुसार ठेक्काको पटक पटक म्याद थप गर्दा समेत निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको देखिएन । पालिकाले पछिल्लो पटक २०८१।५।२५ मा २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेता पनि एउटा ठेक्काको निर्माण कार्य सुरु गरेता पनि थप भएको उक्त अबधि भित्र समेत सम्पन्न हुन सक्ने अवस्था नदेखीएको र अर्को ठेक्काको म्याद थप भएता पनि कार्य सुरुनै गरेको देखिएन । सम्झौता अवधिको शत प्रतिशत अवधि भन्दा बढी म्याद गर्दा पनि निर्माण व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको र आयोजनाको समय र लागत वढ्दै गएको अवस्था देखिएकोले पालिकाले ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार वैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ । साथै खरिद ऐनको दफा ११० को उपदफा ४ बमोजिम २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको अवस्थामा निर्माण व्यवसायीले २०८२।१०।३० सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा सो भन्दा घटी अबधि भएको कार्यसम्पादन जमानत पेश गरेकोले अबधि थप गरेको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.

| निर्माण कार्यको नाम | लागत अनुमान | सम्झौता रकम | कार्यसम्पादन जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| कृष्ण मा.वि. भवन निर्माण | ९५००३३७ | ५८१६८४६ | १४२०००० | म्याद थप पछी कार्य सुरु नभएको |
| दशरथ मा.वि.भवन निर्माण | ८४१०९८९ | ५२२०४५९ | १२२५५०० | |
| **जम्मा** | | | **२६४५०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४५,५०० |

५५ **पुर्वनिर्धारित क्षतिपुर्ती**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र सम्झौताको बिशेष शर्तको GCC 45.1 मा परामर्शदाताको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवनको डि.पि.आर. को लागि परामर्शदाता एक्सिस ईन्जिनियरिङ एण्ड म्यानेजमेन्ट प्रा.लि.संग रु. १९,६६,२००।- मा ४.५ महिनामा कार्य सम्पन्न गर्ने गरी २०८०।९।८ मा सम्झौता गरेको देखिन्छ । सम्झौता भएको मितिले ४.५ महिना अर्थात २०८१।१।२३ मा कार्य सम्पन्न गर्नुपर्नेमा भुक्तानी दिदा पेश भएको टिप्पणी आदेशमा २०८१।३।१० मा कार्य सम्पन्न भएको उल्लेख भएकोले तोकिएको समय भन्दा ४४ दिन ढिला कार्य सम्पन्न भएकोले सम्झौता रकम रु. १९,६६,२००।- को प्रति दिन ०.०५ प्रतिशतले हुने रु.४३,२५६।- पुर्वनिर्धारित क्षतिपुर्ति असुलगर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,२५६ |

५६ **ठांटिकाध विजारे धनकोट सडक**

पालिका र निर्माण व्यवसायी एस.भि.कन्स्ट्रक्सन वीच सडक निर्माण कार्यको लागि रु. ५९,८१,४३८।- मा २०८० असार मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी २०७९।११।१८ मा सम्झौता भएकोमा तोकिएको समयमा कार्य सम्पन्न नभई २०८० पौष मसान्त सम्म

म्याद थप भएको छ । पालिकाले निर्माण व्यवसायीलाई यस बर्ष सम्म जम्मा रु. ४९,०५,५९०।- भुक्तानी दिएकोमा बाँकी कार्य लेखापरीक्षण अबधि सम्म सम्पन्न भएको देखिएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

५६.१ **वढि भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले पेश गरेको चौथो रनिङ विल बमोजिम पालिकाले चौथौ रनिङ विल सम्मको जम्मा रकम रु.४९,०५,५९०।- मा तेस्रो रनिङ विल सम्मको रु. २७,०२,१८२।- घटाई रु. २२,०३,४०८।- भुक्तानी दिएको छ। पालिकाले निर्माण व्यवसायीलाई चौथौ रनिङ विलको रकम भुक्तानी दिदा तेस्रो रनिङ विल सम्म भुक्तानी भएको रु. ३१,६३,५४१।- घटाई बाँकी रकम रु. १७,४२,४०८।- मात्र भुक्तानी दिनुपर्नेमा रु. २२,०३,४०८।- भुक्तानी दिएकोले रु. ४,६१,०००।- बढी भुक्तानी भएको छ । वढि भुक्तानी भएको रकम निर्माण व्यवसायीवाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६१,००० |

५६.२ (११/०८०/९/२०)**नापी किताव भन्दा बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा कुनै पनि विलको भुक्तानी प्राविधिक नाँप जाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले तेस्रो रनिङ विलको रकम रु. १०,६३,६६०।- भुक्तानी दिएकोमा उक्त ठेक्का विलको नापी कितावमा Hard soil Excavation को कार्य उल्लेख नभएकोमा १०० घ.मि. को प्रति घ.मि. रु.१५० दरले मु.अ.कर सहित रु. १६,९५०।- भुक्तानी भएको छ । नापी कितावमा उल्लेख नभएको कामको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९५० |

५७ **(९/०८०/९/४) नापी किताव पेश नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल वा विजकको भुक्तानी दिंदा प्राविधिक नाँप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले वडा नं ५ मा खानेपानि आपुर्ति तथा सरसफाई कार्य अन्तर्गत स्वच्छता परियोजनासंग साझेदारि कार्यक्रमको उपभोक्ता समितिलाई रु. २,७९,७६६।- भुक्तानी दिएकोमा योजनाको नापी किताव पेश भएको देखिएन । खानेपानी योजनाको नापी किताव पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,७६६ |

५८ **प्राथामिक स्वाथ्य केन्द्र भवन निर्माण**

५८.१ **कार्य प्रगति :** पालिकाले स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि रु. १,१७,७४,४६१।- मा निर्माण व्यवसायी साझा कन्स्ट्रक्सन संग २०७८।९।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।१०।११ मा सम्झौता गरेको छ । सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी ठेक्काको म्याद २०८१।९।३० सम्म थप भएकोमा यस बर्ष सम्म निर्माण व्यवसायीलाई रु. ४७,६३,०७१।- मात्र भुक्तानी भएको देखिएकोमा हाल सम्म ४० प्रतिशत मात्र प्रगति भएको देखिन्छ । सुरु सम्झौतामा तोकिएको म्याद भन्दा करिव ३०० प्रतिशत म्याद थप गर्दा समेत कार्य सम्पन्न हुन नसकेकोले पालिकाले खरिद सम्झौता तथा खरिद ऐन र नियमावली बमोजिम कार्य सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

५८.२ **कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ११० (३) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना वढिको हुनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको कारण २०८१ पौष ३० सम्म म्याद थप भएको छ । थप भएको म्याद बमोजिम निर्माण व्यवसायीले २०८२ माघ मसान्त सम्म मान्य अबधि भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा २०८१ श्रावण सम्मको म्याद भएको नविल वैङ्कको रु. २५,५६,०००।- को कार्यसम्पादन जमानत पेश गरेकोले कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,५६,००० |

## ५९ कन्टिजेन्सीबाट तलव भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी रकमवाट वर्क चार्ट खर्च र सानातिना खर्च गर्नुपर्नेमा पालिकाले ७ जना प्राविधिक कर्मचारीको तलव भुक्तानी दिएको देखिन्छ । पालिकाले खरिद ऐनमा व्यवस्था भएबमोजिम कन्टिन्जेन्सी रकम तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

| भौ.न. र मिति | रकम | कैफियत |
|---|---|---|
| ९५/०८१/३/२२ | १२२८९१० | गा.पा.चालु |
| २९६/०८१/३/२२ | १४१६८० | गा.पा.चालु |
| जम्मा | १३७०५९० | |

## ६० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्र ६ वडामा गोरेटो बाटो निर्माण र विद्यालयको फिल्ड निर्माण लगायतका ६ योजना सञ्चालन गरी पालिकामा सुचिकृत भएका कुल वेरोजगार संख्या ३९७६ मध्ये यस वर्ष ५४ जनालाई अधिकतम १०० र न्यूनतम २२ दिन सम्म रोजगारी उपलव्ध गराई रु. ३३,९३,०४०।- खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन नसकेकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ साथै उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

## ६१ मुख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ६ वटा योजना सञ्चालनमा रु. ८५,३७,२५०।- भुक्तानी गरी ८४ जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

६१.१ **सार्वजनिक लेखापरीक्षणः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

६१.२ **जिन्सी सामग्री:** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।

६१.३ **आयोजनाको अनुगमनः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।

## ६२ गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम

६२.१ **उत्पादित सामान :** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले लद्यु उद्यम सम्बन्धी कार्यक्रम अन्तर्गत हाते होजियारी सम्बन्धी तालिम सञ्चालनमा रु.१९५००।- को कच्चा पदार्थमा खर्च गरी गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन । पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ ।

६२.२ (९३-२०८०-१२-२६):

**प्रविधि हस्तान्तरण कार्यक्रमः** गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका, २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२)मा उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने, उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यमीहरुलाई आवश्यक सामाग्री खरिद गरी रु.१९,५००।- भुक्तानी गरेकोमा निर्देशिकामा उल्लेख भए अनुसार २० प्रतिशत रकम रु.३,९००।- लागत साझेदारी प्राप्त भएको नदेखिएकोले सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९०० |

## ६३ आन्तरिक लेखापरीक्षणको बेरुजु

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२)मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट देखिएका देहाय बमोजिम व्यहोरा फस्र्यौट नभएकोले उक्त बेरुजू असुल फस्र्यौट गर्नुपर्दछ ।

६३.१ **अनुगमन भत्ता** : कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७७ को दफा १५(२) अनुसार स्थानीय तहका पदाधिकारीले ऐनमा तोकेको वाहेक अन्य भत्ता लिन नमिल्ने व्यवस्था गरेको छ। पालिकाले निम्नानुसार पदाधिकारीलाई ऐन विपरित अनुगमन भत्ता भुक्तिानी दिएकोले उक्त रकम असुल गर्नु पर्ने रु

| क्र.सं. | पदाधिकारी नाम थर | रकम भुक्तानी | कर कट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | चक्र कामि | ७०० | १०५ | ५९५ |
| २ | कर्ण वि.क. | ७०० | १०५ | ५९५ |
| ३ | सपना वि.क. | ७०० | १०५ | ५९५ |
| ४ | जगति वि.क. | ७०० | १०५ | ५९५ |
| ५ | कल्पना थापा | ७०० | १०५ | ५९५ |
| ६ | प्रेम वहादुर मगर | ७०० | १०५ | ५९५ |
| ७ | अमृता कुमारी धिताल | ७०० | १०५ | ५९५ |
| ८ | मन वहादुर वि.क. | ७०० | १०५ | ५९५ |
| ९ | धिर्जा कामी | ७०० | १०५ | ५९५ |
| १० | रण वहादुर शाहि | ७०० | १०५ | ५९५ |
| ११ | भरत वहादुर वम | ७०० | १०५ | ५९५ |
| १२ | प्रेम कामी | ७०० | १०५ | ५९५ |
| १३ | पवित्रा गौतम | ७०० | १०५ | ५९५ |
| १४ | नाम वहादुर शाहि | ७०० | १०५ | ५९५ |
| १५ | केहरसिंह कठायत | ७०० | १०५ | ५९५ |
| १६ | प्रतिमा नेपाली | ७०० | १०५ | ५९५ |
| १७ | मदन वहादुर मगर | ७०० | १०५ | ५९५ |
| १८ | मामसरा वडुवाल | ७०० | १०५ | ५९५ |
| १९ | कनक शाहि | ७०० | १०५ | ५९५ |
| २० | लाल वहादुर शाही | ७०० | १०५ | ५९५ |
| २१ | पदम वहादुर थापा | ७०० | १०५ | ५९५ |
| २२ | प्रदिप वि.क. | ७०० | १०५ | ५९५ |
| २३ | दिला शाही | ७०० | १०५ | ५९५ |
| २४ | कलसा कामी | ७०० | १०५ | ५९५ |
| २५ | जोरसिंह रोकाय क्षेत्री | ७०० | १०५ | ५९५ |
| २६ | मिठ्ठा थापा | ७०० | १०५ | ५९५ |
| २७ | बासना कामी | ७०० | १०५ | ५९५ |
| २८ | मनसिंह थापा | ७०० | १०५ | ५९५ |
| २९ | दल वहादुर थापा | ७०० | १०५ | ५९५ |
| **जम्मा** | | | | **१७२५५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२२५ |

६३.२ १७/ २०८०/०६/२५ कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन ,२०७७ को दफा १५ (२) मा स्थानिय तहका पदाधिकारीले ऐनमा तोकियको वाहेक अन्य भत्ता लिन नमिल्ने व्यवस्था गरेको छ। पालिका स्तरिय स्वास्थय कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा कार्यक्रममा दुई दिनको रु ७०० का दरले ८ जना पालिका पदाधिकारीले नियम विपरित भत्ता लिएको रकम रु.११,२००।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२०० |

६३.३ १६८/ २०८०/ १२/२७ वडा नं २ लाई खेलकुद सामाग्रि खरिदको लागि विनियोजित गरेको रकम दशरथ मा.वि.प्याङ्ुलिलाई पोशाक खरिद वापत र. ८७,०९७।- भुक्तानी गरिएकोमा सामान खरिद तथा सहभागीलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,०९७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ठाँटीकाध गाउँपालिका, दैलेख , थाँतीकाँध गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | नेम बहादुर खत्री | २०७९-६-१२ | २०८१-२-१५ |
| कार्यालय प्रमुख | तुलसी प्रसाद उपाध्याय | २०८१-२-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोकेन्द्र बहादुर भणडारी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
| --- | --- | --- | --- | --- | --- |
| २,८३५,१३६ | ५,५५३,९७२ | ४५,५९३,०११ | ० | ० | १०,३१०,६१० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६४,२९२,७२९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७८०,८२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६३,५११,९०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २२७५१२६१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३१६१३३१६ | **चालु खर्च** | २२६०२२६१० |
| **प्रदेश सरकारबाट अनुदान** | ४३४६५०४४ | **पूँजीगत खर्च** | १०७१२५८११ |
| **राजश्व बाँडफाँट** | ६९३३८९६५ | **वित्तीय/अन्य व्यवस्था** | १३९०२८१७३ |
| **आन्तरिक आय** | ३०१७०२५.० | | |
| **अन्य आय** | १२४८२८१९३ | | |
| **कुल आय** | ४७२२६२५४३ | **कुल खर्च** | ४७२१७६५९४ |
| **बाँकी मौज्दात** | | २२८३७२१० | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रकारको निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।